तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश,नेपाल
२०७३

पत्र संख्या:२०८० /०८१
चलानी नं:

प्रमुख प्रशासकीय अधिकृत

## बसपार्क पुर्वाधार अर्न्तगत सरसफाईपार्क (गाडि धुलाई) शूल्क व्यवस्थापन सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति :२०८१/०३/३०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) तथा दफा ६२ (२) एवं तुलसीपुर उप महानगरपालिकाको आर्थिक ऐन,२०८१ अनुसार बसपार्क पूर्वाधार शुल्क संकलन प्रयोजनार्थ तोकिएको न्यूनतम अंकमा नघट्ने गरी बढाबढका आधारमा प्रतिस्पर्धा हुने गरी दरभाउपत्र पेश गर्न चाहने मूल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक फर्म/कम्पनि/ प्रा.लि.ले तोकिएको न्युनतम अंकमा नघट्ने गरी बढाबढका आधारमा प्रतिस्पर्धा हुने गरी दरभाउपत्र Ebidding/Hardcopyको माध्यमबाट पेश गर्नसम्वन्धित सवैका लागि यो सूचना प्रकाशन प्रकाशन गरिएको छ। ईच्छुक फर्म कम्पनीले www.bolpatra.gov.np/egp बाट अथवा यस कार्यालयबाट खरिद गरी दरभाउपत्र दस्तुर वापतको रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा वैंक तुलसीपुर दाङ स्थित ०३१०१४००२५००९२नं खातामा जम्मा गरी दरभाउपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

| क्र. सं. | ठेक्का विवरण | ठेक्का नं. | बार्षिक न्यूनतम अंक (भ्याट बाहेक) | ठेक्का दिईने समयावधि | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | तुलसीपुर उपमहानगरपालिका बसपार्क पूर्वाधार अर्न्तगत सरसफाई पार्क (गाडि धुलाई) शूल्क व्यवस्थापन ठेक्का | रा.१७ /०८१/०८२ | ८,००,०००।- | ३ वर्षको लागि | १,०००।- |

**शर्त तथा वन्देजहरु :**

१. दरभाउपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस तुलसीपुर उपमहानगरपालिका नेपाल इन्भेष्टमेन्ट बैंक तुलसीपुर दाङ स्थित धरौटी खाता नं ०३१०१४००२५००३० मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

२. सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयवाट तोकिए वमोजिमको दरभाउपत्र दस्तुर (

तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र संख्याः२०८० /०८१
चलानी नं:

पछि फिर्ता नहुने गरी) तिरी दरभाउपत्र फाराम खरिद गरि १६ औं दिनको १२:०० बजे भित्र रित पुर्वक दरभाउपत्र पेश गर्नु पर्नेछ। दरभाउपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ। निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ। दरभाउपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ

३. दरभाउपत्र स्वीकृत भएको तथा नविकरणको सूचना पाएको मितिले ७ दिनभित्र कवोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी, कवोल अंकको १३% ले हुन आउने मूल्य अभिवृद्धी कर वापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौताका वखत एकमुष्ट पेश गर्नु पर्नेछ। साथै वांकी ५०% मध्ये ३०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम प्रत्येक वर्षको पुष मसान्त भित्र तथा २०% ले हुन आउने तेश्रो किस्ता वापतको रकम प्रत्येक वर्षको चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ। संझौता गर्दा उक्त दोश्रो र तेश्रो किस्ता रकम बरावरको प्रत्येक अर्को वर्षको श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) वाट किस्ता रकम र १०% का दरले जरिवाना वापतको हर्जाना रकम समेत अशुल उपर गरिनेछ। यसमा ठेकेदारले कुनै किसीमको हक दावी गर्न पाउने छैन।
४. कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलन गर्न पाइनेछ। प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ७ (सात) दिन ( श्रावण ७ गते) भित्र ठेक्काको नविकरण गराई सक्नु पर्नेछ।
५. कुनै पनि वहानामा अस्थायी चलनपूर्जी दिन कार्यालय वाध्य हुने छैन।
६. यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन।
७. ठेक्कामा संघीय तथा प्रदेश सरकारसंग वा प्रचलित कानून वमोजिम अनुमति लिनु पर्ने भएमा अनुमति लिएर मात्र कार्य संचालन गर्ने दायित्व ठेकेदार स्वयंको हुनेछ।
८. दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व व्यवस्थापन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराइन्छ।
९. बार्षिक कवोल अंकलाई आधार मानी आ.व.०८१।८२ को हकमा दामासाहिले गणना गरी कुल सम्झौता रकम कायम गरिनेछ। बाँकी वर्षहरुमा कवोल अंक र वार्षिक १० प्रतिशत वृद्धि गरी उक्त रकमलाई नै कवोल अंक मानिनेछ।
१०. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

इमेलः tulsipursubmun2073@gmail.com सम्पर्क नं.: ०८२५२०३०५-५२०२३३ दमकलः ०८२-५२०३०५